फोन : ०१५९७१३०१
वेवसाईट : https://ppmo.gov.np/
ईमेल : info@ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय

प.सं :
च.नं.

केसरमहल, काठमाडौं, नेपाल

प्रेस विज्ञप्ति

यस कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ तथा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० ले व्यवस्था गरेबमोजिम एकल विद्युतीय खरिद प्रणालीको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको विदितै छ।

यही २०८२ जेठ ९ गते शुक्रवारका दिन आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा "अनुगमन कार्यालयका प्राविधिकको मिलेमतोमा सिस्टम नै ह्याक गरेर ठेक्का 'खरिदबिक्री'" शीर्षकमा प्रकाशित समाचार तथा बोलपत्रदाताले विद्युतीय खरिद प्रणालीमा पेश गरेको बोलपत्रको रकम कार्यालयका कर्मचारीहरुले हेर्ने र अन्य बोलपत्रदातालाई जानकारी दिने भन्ने जस्ता भ्रामक खबर सञ्चार माध्यममा फैलाउने गरेको प्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

उक्त समाचारमा उदयपुरको गाईघाटमा दर्ता रहेको रौताहा कन्स्ट्रक्सन प्रा.लि.ले "सडक डिभिजन कार्यालय भक्तपुरले विपी राजमार्गको केही खण्डको पुनर्निर्माणको लागि मिति २०८१ चैत्र ५ (२०२५-०३-१८) गतेको बोलपत्र आह्वानको सूचनामा सार्वजनिक खरिद अनुगमन कार्यालयका विद्युतीय खरिद प्रणाली सञ्चालन गर्ने प्राविधिक कर्मचारीहरुले सिस्टम ह्याक गरेर आफूले हालेको ठेक्काको आवेदन नै मेटाएको" भन्ने गम्भीर आरोप लगाएर छानविनको माग गरेको उल्लेख रहेको छ भनी समाचार प्रकाशन भएको छ।

यस सम्बन्धमा उक्त रौताहा कन्स्ट्रक्सन प्रा.लि.ले यस कार्यालयमा दर्ता गराएको निवेदनका सम्बन्धमा प्रणालीबाट विस्तृत रुपमा अध्ययन गरी उक्त कन्स्ट्रक्सन प्रा.लि.लाई जानकारी समेत गराइ सकिएको छ। उक्त कन्स्ट्रक्सन प्रा.लि.ले आफ्नो उजुरीमा उल्लेख गरेको ह्याकिङ्ग भएको भनिएका सबै क्रियाकलापहरु उक्त प्रा.लि.ले यस कार्यालयबाट लिएको User ID बाट नै भएको देखिन्छ। उजुरीमा उल्लेख भएको ठेक्कामा बोलपत्र पेश गर्ने क्रममा उक्त प्रा.लि.ले स्वदेश तथा विदेशका गरी जम्मा १२ वटा IP Address हरुको प्रयोग गरिएको देखिएको, एकै पटक एकभन्दा बढी Network बाट Login भएको देखिएको, System बाट ह्याक भएको भनिएको **Letter of Technical Bid** उक्त कन्स्ट्रक्सन प्रा.लि.कै User ID बाट मिति **4/17/2025,** समय **11:50:50 AM** मा **IP Address: 85.203.15.225** बाट Delete गरिएको प्रणालीबाट देखिन्छ।

उक्त प्रा.लि.ले आफ्नो ठेक्कामा ह्याक गरेर Upload गरिएको भनिएको **Kankai/Bright Multi/Divya Jyoti-JV Kathmandu-31, Sankhaul** को **Letter of Technical Bid** समेत उक्त कन्स्ट्रक्सन प्रा.लि.कै User ID बाट मिति **4/17/2025,** समय **11:50:46 AM** मा Upload भएको प्रणालीबाट देखिन्छ।

यसै सन्दर्भमा Kankai/Bright Multi/Divya Jyoti-JV को Letter of Technical Bid कसरी रौताहा कन्स्ट्रक्सनमा पुग्यो त भन्ने सन्दर्भमा थप अध्ययन गर्ने क्रममा Kankai/Bright Multi/Divya Jyoti-JV Kathmandu-31, Sankhaul को समेत User Activity प्रणालीमा हेर्दा **रौताहा कन्स्ट्रक्सन प्रा.लि.** र **Kankai/Bright Multi/Divya Jyoti-JV** दुवै बोलपत्रदाताले ठेक्का हाल्ने क्रममा प्रयोग भएका IP Address हरुमध्ये केही IP Address एउटै रहेको समेत प्रणालीबाट देखिन्छ। यसबाट दुवै बोलपत्रदाताहरुको ठेक्का हाल्ने व्यक्ति एउटै वा दुवै बोलपत्रदाताको User र Password प्रयोग गर्ने व्यक्ति एउटै वा दुवै ठेक्का एउटै Device बाट समेत पेश गरेको लगायतका सम्भावनाहरु हुन सक्ने देखिन्छ।

फोन : ०१५९७१३०१
वेवसाईट : https://ppmo.gov.np/
ईमेल : info@ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सार्वजनिक खरिद अनुगमन कार्यालय

केसरमहल, काठमाडौं, नेपाल

प.सं :
च.नं.

उक्त तथ्यलाई अध्ययन गर्दा उक्त रौताहा कन्स्ट्रक्सन प्रा.लि. ले यस कार्यालयबाट लिएको User ID र Password संरक्षण/सदुपयोग गर्न नसकेको प्रष्ट देखिन्छ।

विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को दफा २९ मा "बोलपत्रदाताले बोलपत्र पेश गर्दा, संशोधन गर्दा वा फिर्ता लिँदा सम्बन्धित खरिद कार्यको लागि अख्तियारी प्राप्त अधिकृत प्रयोगकर्ताले आफ्नो युजरनेम र पासवर्ड प्रयोग गरी गर्नु पर्नेछ। त्यस्तो प्रयोगकर्ता युजरनेम र पासवर्डको प्रयोग गरी विद्युतीय खरिद प्रणालीमा गरिएका कार्यको लागि सम्बन्धित बोलपत्रदाता र प्रयोगकर्ता स्वयं जिम्मेवार हुनेछन्।" भन्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम यस कार्यालयले सञ्चालनमा ल्याएको विद्युतीय खरिद प्रणालीमा दर्ता भएका सम्पूर्ण बोलपत्रदातालाई आफ्नो Username र Password को संरक्षण गर्ने, सम्भव भएसम्म एक भन्दा बढी Officer User नबनाउने, समय समयमा आफ्नो पासवर्ड परिवर्तन गर्ने, VPN को प्रयोग नगर्ने, एक भन्दा बढी Device हरुमा एकै पटक Login नगर्ने, आफ्नो User मा प्रयोग भएको ईमेलको पासवर्ड सुरक्षित राख्ने लगायतका सुरक्षाका विधिहरु अपनाउनु हुन यस कार्यालय सचेत गराउन चाहन्छ।

यस कार्यालयले सञ्चालनमा ल्याएको विद्युतीय खरिद प्रणालीमा Bid submit गर्ने क्रममा Bidder ले पेश गरेका डाटाहरु Encrypt भएर बस्ने व्यवस्था रहेको हुँदा कसैले अनधिकृत रुपमा Bid Price हेर्ने भन्ने अवस्था रहँदैन। यस प्रणालीलाई ह्याक गरेर Data manipulate गरेको प्रमाण प्रणालीबाट देखिएको छैन। कसैले प्रणालीमा अनधिकृत रुपमा पहुँच पुऱ्याइ Bid Price हेरेको वा Data manipulate गरेको प्रमाण कसैसँग भएमा सोको प्रमाण सहित जानकारी यस कार्यालय एवम् नियामक निकायहरुलाई गराइ एक जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्न समेत यस कार्यालय हार्दिक आह्वान गर्दछ।

साथै प्रयोगकर्ताहरुलाई आगामी दिनमा आफ्नो Username र Password को संरक्षण गर्न र आफ्नो Username र Password दुरुपयोगबाट भएका त्रुटीहरुलाई लिएर यस कार्यालयका कर्मचारीहरुमाथि अनावश्यक आरोप लगाउने, प्रणालीलाई दोष दिने, विभिन्न पत्र-पत्रिकामा झुट्टा र भ्रामक समाचारहरु सम्प्रेषण गरी नेपाल सरकारको एक मात्र विद्युतीय खरिद प्रणाली प्रति नकारात्मक सन्देश सम्प्रेषण गर्ने जस्ता कार्य नगर्न नगराउन यस कार्यालय हार्दिक आह्वान गर्दछ।

हाल विद्युतीय खरिद प्रणालीको क्षमता अभिवृद्धि तथा स्तरोन्नती गर्ने कार्य भइरहेको र कसैले प्रणालीमा अनधिकृत रुपमा कार्य गरेको थाहा भएमा कानून बमोजिम कारवाही गर्न कार्यालय दृढ रहेको समेत जानकारी गराइन्छ।

मितिः २०८२।०२।१३ मंगलबार

२०८२।१२

(रामबन्धु सुवेदी)
सहसचिव/प्रवक्ता